नेपाली / ***NEPALI***

विषय: "साथमा हामी धेरै गर्न सक्छौं" जब तपाईंले योगदानको अभियानमा साथ दिनुहुन्छ !

आदरणीय सहकर्मीहरू,

हाम्रो क्याम्पसको भावनाको मुख्य आधार रहेका विस्कन्सिनको स्वयम्सेवा र उदारताको परम्पराहरूको अभिव्यक्तिको रूपमा हरेक शरद सेमेस्टरमा, *UW–Madison* वार्षिक *Partners in Giving* (*PinG*) अभियानमा भाग लिने गरेको छ। राज्य, विश्वविद्यालय, *UW* स्वास्थ्य कर्मचारीहरूक र डेन, मिल्वाकी र वाकेशा काउन्टीहरूको *UW* स्वास्थ्य कर्मचारीहरूको संयुक्त अभियान (*UW Health Employees Combined Campaign of Dane, Milwaukee and Waukesha Counties*) को रूपमा चिनिने, *PinG* ले हामीलाई परोपकारी योगदान मार्फत हाम्रो समुदायको ख्याल राख्ने अवसर प्रदान गर्दछ। सन् १९७३ देखि, यस अभियानले सामूहिक रूपमा $८९ मिलियन भन्दा बढी उठाएको छ, गत वर्ष लगभग $२ मिलियन सहित !

अभियानसँग परिचित व्यक्तिहरूले यो वर्ष अभियानमा मिल्वाकी र वाकेशा काउन्टीहरू थपिएका छन् भनेर थाहा पाउन सक्दछन्, जसमा *University of Wisconsin–Milwaukee* का कर्मचारीहरू समावेश छन्। यस बदल राज्यभर अभियानलाई थप प्रभावकारी रूपमा सञ्चालन र प्रशासन गर्ने प्रयासमा बनाइएको छ। नयाँ कर्मचारी योगदानकर्ताहरूसँगै योगदानकर्ताहरूका लागि उपलब्ध दुईवटा नयाँ छाता संगठनहरू आएका छन् — *United Way of Greater Milwaukee & Waukesha County* र *United Performing Arts Fund*।

यस वर्षको अभियानको नारा "साथमा हामी धेरै गर्न सक्छौं," हो, जसले हामीले हाम्रा प्रयासहरूलाई एककृत गर्दा हाम्रो समुदायमा पार्न सक्ने महत्त्वपूर्ण प्रभावलाई झल्काउँदछ। हाम्रा स्रोतसाधनहरू जम्मा गरेर, हामीले हाम्रो सहयोगको आवश्यकता पर्न सक्ने सहकर्मी र छिमेकीहरू लगायत अरूको जीवनमा ठूलो भिन्नता ल्याउन सक्दछौं।

यस अभियान मार्फत, तपाईंका लागि सबैभन्दा महत्त्वपूर्ण संस्था (हरू) मा तपाईंको योगदान छान्न सक्नुहुने स्वतन्त्रता तपाईंसँग छ। *PinG* अब ११ वटा मूख्य छाता संगठनहरूसँग मिलेको छ जसले ५०० भन्दा बढी व्यक्तिगत परोपकारी संस्थाहरूलाई एउटै छानामुनि ल्याउँदछ। तपाईं स्थानीय परोपकारी उद्देश्यहरू समर्थन गर्न चाहनुहुन्छ वा राज्य, राष्ट्रिय वा विश्वव्यापी स्तरहरूका पहलहरूमा योगदान गर्न चाहनुहुन्छ भने, आफ्नो योगदानले समर्थन गर्ने संस्थाहरू छनौट गर्ने शक्ति तपाईंसँग छ। सबै सहभागी परोपकारी संस्थाहरूको पूर्ण सूचीको लागि, यहाँ थिच्नुहोला।

यस वर्षको अभियानको सक्रिय चरण अक्टोबर ७ देखि डिसेम्बर ३ सम्म चल्नेछ तर योगदान मे १५, २०२५ सम्म सम्भव र स्वागत छ। हामी तपाईंलाई अन्लाईन मार्फत प्रतिज्ञा गर्न प्रोत्साहन गर्दछौं, यद्यपि हुलाक मार्फत पठाइएका योगदानहरू पनि स्वीकार गरिन्छ। योगदान गर्न सक्नुहुने सबै तरिकाहरू बारे थप यो वेबसाईट मार्फत जानकारी पाउन सक्नुहुन्छ।

भर्चुअल *Charity Lunch and Learns* फेरि पनि यो शरद सेमेस्टरको अभियानभरि हप्ते पिच्छे उपलब्ध हुनेछ। यी बैठकहरूले भिन्नता ल्याउने संस्थाहरूबाट सुन्न र अशक्तता र पूर्व सैन्य सेवाहरू, वातावरणीय र पशु संरक्षण, घरबार र आश्रय जस्ता क्षेत्रमा तपाईंको योगदानले समर्थन गर्ने महत्त्वपूर्ण सेवाहरूको बारेमा जान्न बहुमूल्य अवसर प्रदान गर्दछ !

हामी तपाईंलाई *PinG* अभियान मार्फत भएको सामूहिक प्रभावको हिस्सा बन्न निमन्त्रणा गर्न पाउँदा गर्व गर्दछौं। हामीलाई यो पनि थाहा छ कि *Badger* हरूले समुदायमा योगदान गर्ने धेरै तरिकाहरू छन् जुन आर्थिक योगदान र यो *PinG* भन्दा बेग्लै छन्। चाहे यस अभियानलाई सम्भव बनाउनको लागि समय र प्रतिभाको योगदान गर्नुभएर, *PinG* बाहिरका परोपकारी उद्देश्यलाई योगदान गरेर वा तपाईंले ख्याल गर्ने परोपकारी उद्देश्यका संस्थाहरूमा स्वयंसेवा गर्नुभएर होस्, तपाईंका योगदानहरू *बहुमूल्य* छन्। तपाईंको निरन्तर उदारता र समर्थनको "साथमा हामी धेरै गर्न सक्छौं!"

भवदीय,

Charles Isbell
शैक्षिक मामिलाका प्रोभोस्ट र उपकुलपति

Rob Cramer
अर्थ र प्रशासनका उपकुलपति

*Partners in Giving को बारेमा प्रश्नहरू छन् वा सहयोगको आवश्यकता छ ? विश्वविद्यालय अभियान समन्वय समितिलाई सम्पर्क गर्नुहोला*